# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
## Unified Communist Party of Nepal (Maoist)
## केन्द्रीय समिति
## Central Committee

प.सं. :-
च.नं. :-

# प्रेस-विज्ञप्ति

बाराको गञ्जभवानीपुरमा यही पुस २२ गते साँझ हतियारधारी आततायीहरूको एक जत्थाले अन्धाधुन्धा गोली प्रहार गर्दा एकीकृत ने.क.पा.(माओवादी)का राज्य समिति सदस्य क. रामप्रकाश यादव, बारा निर्वाचन क्षेत्र नं. २ का क्षेत्रीय सदस्य क. दाराप्रसाद यादव र गञ्जभवानीपुर गाउँ समिति सदस्य क. अम्विका महतो 'नुनिया' घटनास्थलमा नै मारिनुभएको छ र बारा जिल्ला समिति सचिवालय सदस्य क. कन्हैयाप्रसाद यादव र क्षेत्रीय समिति सदस्य सियारामप्रसाद कुशवाह गम्भीर घाइते बनाइनुभएको छ ।

हाम्रो पार्टी उक्त नृशंस हत्याकाण्डको घोर भर्त्सना गर्दछ, मारिएका कमरेडहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ, उहाँहरूका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ र घाइते कमरेडहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

गोलीप्रहारमा एसएमजीलगायतका अत्याधुनिक हतियारको प्रयोग हुनु र ३०-३५ जनाको ठूलो जत्थाको सहभागिता हुनुले हत्याकाण्ड ठूलै शक्तिकेन्द्रको गुरुयोजनाअन्तर्गत तयार गरिएको फौजी तालिमप्राप्त प्रतिक्रान्तिकारी गिरोहबाट गराइएको प्रस्ट हुन्छ । राष्ट्रिय स्वाधीनता, नागरिक सर्वोच्चता, शान्ति र नयाँ संविधान निर्माणको लागि हाम्रो पार्टीको केन्द्रीय समितिले चौथो चरणको सङ्घर्षको घोषणा गरेलगत्तै यसप्रकारको जघन्य हत्याकाण्ड गराइनु कुनै संयोगमात्रै मान्न सकिन्न ।

तत्काल उक्त हत्याकाण्डको सर्वपक्षीय छानबिन गरी दोषीमाथि कारबाही गर्न, मृतकहरूलाई शहीद घोषणा गर्न, घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न र मृतकका परिवार एवम् घाइतेहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन हाम्रो पार्टी राज्यपक्षसँग जोडदार आग्रह गर्दछ । र, उक्त हत्याकाण्डको प्रतिरोधमा सडकमा आउन सम्पूर्ण भोजपुरावासी जनसमुदायलाई हार्दिक अपिल गर्दछ ।

*२०६६ पुस २३ गते*

**रामबहादुर थापा 'बादल'**
**महासचिव**